पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष :५ पोखरा खण्ड : ५४ प्रमाणित मिति: २०७८ माघ २६ गते

## भाग २

## पशु विकास कार्यक्रम अनुदान (पहिलो संशोधन) कार्यविधि, २०७८

## पशु विकास कार्यक्रम अनुदान (पहिलो संशोधन) कार्यविधि, २०७८

पशु विकास कार्यक्रम अनुदान कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिकाको ५४ औं कार्यपालिका बैठकले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "पशु विकास कार्यक्रम अनुदान (पहिलो संशोधन) कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **पशु विकास कार्यक्रम अनुदान कार्यविधि, २०७५ को दफा १४ मा संशोधन** : पशु विकास कार्यक्रम अनुदान कार्यविधि (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा १४ पछि देहायका दफा १४क., १४ख. र १४ग. थपिएको छ ।

"१४क. **पाडा, पाडी, बाच्छी हुर्काउने कार्यक्रम संचालन प्रक्रिया** : पाडा, पाडी, बाच्छी हुर्काउने कार्यक्रम देहाय बमोजिम सञ्चालन गरिनेछ ।

(क) कुनै वडा वा क्षेत्र विशेषमा पाडी, बाच्छी हुर्काउने कार्यक्रम तोक्न सकिनेछ ।

(ख) खण्ड (क) बमोजिमको कार्यक्रम सञ्चालन गर्नको लागि अनुसूची(२ बमोजिमको निवेदन दिनुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिमको कार्यक्रमको स्थलगत अनुगमन पशु सेवा शाखा वा पशु सेवा केन्द्रको प्रतिनिधिले गर्नेछ । सो अनुगमन प्रतिवेदनको आधारमा पशु विकास कार्यदलले स्वीकृत गरेपश्चात मात्र भुक्तानी दिइनेछ ।

(घ) पाडा, पाडी र बाच्छी कम्तीमा छ महिना उमेर पुरा भएको भए प्रति पशु अधिकतम रु.५,०००।- र कम्तीमा १ वर्ष

उमेर पुरा भएको भए प्रति पशु अधिकतम रु.१०,०००।- र कार्यक्रम सञ्चालन गर्ने कृषकलाई बढीमा रु.५०,०००।- सम्म अनुदान उपलब्ध गराइनेछ ।

(ङ.) पाडा, पाडी र बाच्छी छनोटको लागि प्रथम, दोस्रो र तेस्रो प्राथमिकतामा क्रमशः कृषक आफैले हुर्काएको, कृत्रिम गर्भाधानबाट जन्मेको र खरीद गरी ल्याएकालाई दिइनेछ ।

(च) कुनै कृषक समुह, कृषक समिति, कृषि सहकारीले पकेट अवधारणामा एकमुष्ठ अनुदान लिई कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१४ख. **उत्पादनमूलक अनुदान सञ्चालन प्रक्रिया** : उत्पादनमूलक अनुदान कार्यक्रम देहाय बमोजिम सञ्चालन गरिनेछ ।

(क) उत्पादनमूलक अनुदान कार्यक्रम सञ्चालन गर्न चाहने कृषक वा कृषक समूहले अनुसूची(२ बमोजिमको आवेदन दिनुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको आवेदनका सम्बन्धमा पशु सेवा शाखा तथा पशु सेवा केन्द्रले स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(ग) उत्पादन तथा बिक्री गरेको आधारमा प्रति लिटर अधिकतम रु.५।- र प्रति कृषक अधिकतम रु.१ लाखसम्म अनुदान उपलब्ध गराइनेछ ।

(घ) उत्पादन तथा बिक्री गरेको आधारमा प्रति गोटा बोका, थुमा, खसी (कम्तीमा ४ महिना उमेर पूरा भएको) रु.२०००।- सम्म र प्रति कृषक अधिकतम रु.५० हजारसम्म अनुदान उपलब्ध गराइनेछ ।

१४ग. **व्यवसाय प्रवर्द्धन अनुदान** : पशुजन्य व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) पशुजन्य व्यवसाय कार्यक्रम सञ्चालन गर्न चाहने कृषक

वा कृषक समूह वा कृषक सहकारीले अनुसूची-३ बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको कार्यक्रम सञ्चालन गर्ने आवेदनका सम्बन्धमा पशु सेवा शाखा तथा पशु सेवा केन्द्रले स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(ग) प्रतिवेदनका आधारमा कुल लगानीको आधार लिई व्यक्तिगत पशुजन्य व्यवसायलाई ५० प्रतिशत वा रु.२ लाखमध्ये जुन कम हुन्छ सो रकम, सहकारीले सञ्चालन गरेको पशुजन्य व्यवसायलाई ७५ प्रतिशत वा रु.१० लाखमध्ये जुन कम हुन्छ सो रकम र सार्वजनिक महत्वका संस्थाले सञ्चालन गरेको पशुजन्य व्यवसायलाई १०० प्रतिशत अनुदान उपलव्ध गराउन सकिनेछ ।"

**प्रकाशन मिति : २०७८ माघ २६ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**